# रोहिणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धकधई, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल


प.सं.:

च.नं.:

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मितिः ..............................

सुचना प्रकाशित मितिः २०७७।११। १८

## सिलबन्दी दरभाउ पेश गर्ने सम्बन्धी सुचना

आ.व.२०७७।०७८ को लागि रोहिणी नदिबाट बालुवा, ग्राभेल,भस्कट उत्खन्न गरी बिक्री गर्ने कार्यको बोलपत्र आव्हानका लागी स्थानीय सरकार संचालन ऐन, २०७४ को (दफा ११ र ६४) र लुम्बिनी प्रदेश सरकारबाट जारी भएको नदिजन्य ब्वस्थापन कार्यविधि २०७५ तथा रोहिणी गाउँपालिकाको खरिद नियमावली २०७६ अनुसार यस रोहिणी गाउँ कार्यापालिकाको मिति २०७७।११।१७ को निर्णायानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७७/०७८ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म र कम्पनीहरुले दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन सूचीत गरिन्छ। अन्य थप जानकारीका यस कार्यलयको सूचनापाटी तथा वेभसाईट www.rohinimun.gov.np मा हेर्न वा कार्यालय समय भित्र यस गाउँ कार्यापालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

**बालुवा ग्राभेल आदि प्राकृतिक श्रोतको उपयोगमा लिइने करको विवरण**

| आय ठेक्का नं. | नदी खोलाहरुको विवरण | गाउँपालिकाको प्रारम्भिक वातावरणसिय प्रतिवेदन २०७५ अनुसारको उत्खनन गरिने घाटको विवरण | वार्षिक उत्खनन गर्न सकिने परिणाम (घना फिट) | न्युनतम ठेक्का अंक (मु.अ.कर तथा अन्य कर बाहेक) रु. | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ /२०७७/७८ | रोहिणी नदी | स्थल १. खरबिन्द टोल क्षेत्र १ वडा नम्बर १ | १११७६७ | ४४७०६८।- | १०००।- | |
| २/२०७७/७८ | रोहिणी नदि | स्थल २. चनुली, खरबिन्द टोल क्षेत्र २ वडा नं. १ | ८९६११ | ३५८४४४।- | १०००।- | |
| ३/२०७७/७८ | | स्थल २. खरबिन्द टोल क्षेत्र ३ वडा नं. २ | ११७६९४ | ४७०७७६।- | १०००। | |
| ४ /२०७७/७८ | रोहिणी नदि | स्थल३. बैरिहवा वडा नम्बर २ | ३८७९३९ | १५५१७५६।- | १०००।- | |
| ५ /२०७७/७८ | रोहिणी नदि | स्थल ४ हनुमान गडिया वडा नं. १ | २८२४१६ | ११२९६६४।- | १०००।- | |

१.दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय. सुचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय सम्म

२. दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति र समय. सुचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजे सम्म

३. दरभाउ पत्र खोलिने मिति र समय र स्थान सुचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २.०० बजे रोहिणी गाउँ कार्यपालिकाको कार्यालयमा

४.विस्तृत विवरणको लगी यस कार्यालयको वेवसाइट www.rohinimun.gov.np एवं कार्यालयमा सम्पर्क गख्न सकिनेछ।

(१)

[signature]

प्रमुख प्रशासकीय अधिकृत


Phone: 071-411047 Fax: 071-411047 Email: rmdr073@gmail.com

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

शर्तहरु

१.ठेक्का अवधी २०७८ सालको सम्झौता मिति देखि २०७७ सालको जेष्ठ मसान्त सम्म हुनेछ ।

२.यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र रोहिणी गाउँकार्यपालिकाको कार्यालय, धकधई, रुपन्देहीबाट बोलपत्र खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु १६ औ दिन अपरान्ह १२.०० बजे भित्र रोहिणी गाउँकार्यापालिकाको कार्यालय धकधई, रुपन्देहीमा दर्ता गर्न सकिनेछ र दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० बजे खोलिनेछ ।

३.दरभाउपत्रदाताले खामको बाहिर पट्टी ठेक्का नं. ठेक्का विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ । यस गाउँपालिकाको वेभसाइट www. rohinimun.gov.np बाट बोलपत्रको सुचना हेर्न सकिनेछ ।

४.दरभउपत्र खरिदकर्ताले दरभाउपत्र फाराम खरिद गर्दा मु.अ.कर. दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ ।

५.ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई अधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापत यस रोहिणी गाउँपालिकाको कार्यालय, धकधई, रुपन्देहीको नाममा रहेको **NIC ASIA** बैंक धकधई शाखामा रहेको धरौटी खाता नं९४४१४९८७३४५२४००२ धरौटी खातामा रकम जम्मा गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंक बाट जारी गरिएको कम्तिमा १२० (एक सय बीस दिन) मान्य हुने बिडबण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ ।सिलबन्दि बोलपत्रका साथ जमानत वापतको रकम नगद राखेमा मान्य नहुनुका साथै जमानत वापतको नगद रकम जफत गरिने छ।

६.बोलपत्र स्वीकृत भए पश्चात कबोल गरेको रकम र सो मा लाग्ने कर दाखिला गरी कार्य सम्झौताको लागि सम्पर्क राख्नु पर्नेछ ।

७.दरपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम (फिर्ता नहुने गरी)यस कार्यालयको **NIC ASIA** बैंक धकधई शाखामा रहेको खाता नं०९४२०५००२९२११००३ आन्तरिक राजश्व खातामा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ ।

८.दरभउपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएको सिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन ।

९.दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सर्वजनिक बिदा परेमा सोको भोलिपल्ट माथी उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ, साथै त्यसै बमोजिम खोल्ने कार्यक्रम पनि हुनेछ ।

१०.सूचना प्रकासन भएको ७ औं दिनमा पूर्व बोलपत्र ( Pre Bid ) बैठक बस्नेछ ।

११.रितपूर्वक दाखिला भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार हुने छैन ।

१२.दरभाउपत्रदाता नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको कार्यालयले समय समयमा दिइएको निर्देशनको पालन गर्नुपर्नेछ । साथै कार्यालय तथा बोलपत्रदाता बिच कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१३.बुदा नं. ६ बमोजिम एकमुष्ठ रकम बुझाउन नसकीने भनि बोलपत्रदाता ब्यवसायीले निबेदन पेश गरी कुल कबोल अंक मध्ये ५० प्रतिसत रकम र कर वापतको बुझाउनु पर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधीमा १ महिना थप अवधी भएको



प्रमुख प्रशासकीय अधिकृत

नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गका वाणिज्य बैंकको जमानत (परफमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जि दिइनेछ ।

१४.प्रचलित नियमानुसार कालोसुचिमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनपर्ने बाँकी बक्यौता भएका व्यक्ती, फर्म तथा कम्पन्नीहरुको बोलपत्र कुनै कार्यवाहि हुने छैन् ।

१५.गाउँपालिका कार्यालय रोहिणी धकधई, रुपन्देहीले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोग गर्नुपर्नेछ ।कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाहि गरिनेछ

१६.दरभाउपत्रदाताले ठेक्का सम्झौता पछि गाउँपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनहाको लागी दाबी गर्न पाईने छैन ।

१७.राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग खेती योग्य जमिनमा ढाट तगारो राखी प्राकृतिक श्रोत कर संकलन गर्न पाईने छैन । साथै संकलन पश्चात आवश्यकता अनुसार ग्याबियन, जाली लगाईदिनु पर्नेछ ।

१८.खोला र नदिको घाट स्थलहरुमा सम्पुर्ण जानकारी सहितको सूचना पाटी (साईनवोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारबालाहरले देख्ने गरि आफ्नै खर्चमा राख्नु पर्नेछ । संकलनको काम गर्न कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१९.गाउँपालिकाबाट गरिएको प्ररम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७७ (IEE) मा घाट नतोकिएको स्थलबाट कसैले पनि नदिजन्य पदार्थ संकलन उत्खनन गर्न पाईने छैन यसरी घाट नतोकिएको स्थलबाट संकलनरउत्खनन गरेको पाईएमा गाउँपालिकाबाट तोकिएको जरिवाना गरिनुको साथै नदिजन्य पदार्थ र ढुवानी साधन समेत जफत गर्न सकिनेछ ।

२०.नदीको किनारबाट भुक्षय हुने गरी डिल भिर भित्तो खनी खोस्री गरी ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी निकाल्न पाईने छैन ।

२१.भिजेको नदिजन्य पदार्थ ढुवानिमा पूर्ण रोक लगाउनुपर्नेछ ।साथै बालुवा, भस्कट,ग्रावेल , गिट्टी आदि छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

२२.ठेकेदारले घाट क्षेत्रमा फोहर मैलाको व्यवस्थापन गर्नुपर्ने छ साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२३.ठेकेदारले कामदारका लागी प्राथमिक उपचारका सथै मास्क, हेल्मेट आदिको व्यवस्था मिलाउनु पर्नेछ ।

२४.ठेकेदारले प्रत्येक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिर्वाय रुपमा पेश गर्नुपर्ने छ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएको अर्धकट्टी नगदि रसिद पनि फिर्ता गर्नुपर्ने छ ।

२५.ठेकेदारले नदी जन्य पदार्थ संकलन उत्खनन हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वंय आफैले व्यहोनु पर्नेछ ।

२६.विहान सुर्योदय भन्दा अगाडी र साझँ सुर्यास्त भन्दा पछी ढुवानीको साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाईने छैन ।यसरी नियम विपरीत गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाहि गरिनेछ ।

२७.नदिजन्य पदार्थ संकलन गर्ने जिम्मेवारी हस्तान्तरण गर्नु अगाडी जुन नदि र खोलाको जुन स्थानबाट संकलन गर्नेगरी स्विकृत भएको हो , सोही नदिरखोलाहरुको सोही स्थान प्राविधिकबाट एकिन गराई , तोकिएको परिणम भन्दा बढी नदिजन्य पदार्थ निकासी हुन नपाउने व्यवस्था गर्नुपर्ने छ ।

२८.तोकिएको स्थानको लम्बाई र उचाई खुल्ने रेफरेन्स प्वाइन्टको चीनो लगाएको मुचुलका तयार गरेपछी कार्य सुरु हुनेछ ।

२९.भारी उपकरण मेशिन प्रयोग गर्ने सम्बन्धी व्यबस्था यस गाउँकार्यपालिकाले तोकेको बमोजिम हुनेछ ।

३०.यस सुचनामा उल्लेख भएका शर्तहरु लगाएत यस गाउँकार्यपालिकाको निर्णयनुसार दिइने सुझाव यस ठेक्का प्रयोजनको लागी अभिन्न अंगको रुपमा मानिनेछन् ।



रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

३१.प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७५ (IEE) का प्रावधानहरुको व्यवस्था गर्ने अधिकार रोशिणी गाउँपालिकामा सुरक्षीत रहनेछ ।

३२.यस सुचनामा उल्लेख भएको विषय यसै सुचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम, प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन २०७५ वमोजिम हुनेछ ।

३३.यस ठेक्कामा सहभागी हुन चाहने इच्छुक फर्मर संस्थाले यस गाउँकार्यपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७७, लुम्बिनी प्रदेश सरकारबाट स्वविकृ आर्थिक ऐन २०७५, ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी उत्खनन, संकलन ,क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यबिधि लगायत अन्य सम्बन्धीत कागजातहरु राम्रोसंग अध्ययन गर्नुहुन अनुरोध छ ।

३४.लुम्बिनी प्रदेश सरकारले स्वीकृत गरेको नदीजन्य पदार्थ कार्यविधि ,२०७५ मा भएको व्यवस्था एवं रोहिणी गाउँपालिका सार्वजनिक खरिद नियमावली २०७६ र प्रचलित कानुनमा भएको व्यवस्था पालना गर्नु पर्ने छ ।

३५.बजार मुल्य सम्झौताको बखत आपसी समझदारीमा तय गरिने छ ।

३६. कार्यालय र ठेकेदार विच ठेक्का संचालन सम्बन्धी विवाद परि वा अन्य कुनै कारणबाट कार्यपालिकालाई तिर्नु पर्ने रकम बाँकी रही असुल उपर गर्नु परेमा वार्षिक १०% का दरले हर्जाना व्याज क्षतिपुर्ति र मुद्दा मामिला गर्दा हुने सम्पूर्ण खर्च समेत ठेकेदारबाट असुल उपर गरिने छ ।

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत